गोसाईकुण्ड गाउँपालिका रसुवा

स्थानीय राजपत्र

खण्ड:- ०४ संख्या:- ०३ मिति:- २०७८/११/२३

भाग – २

## दलित समुदायको व्यवसाय प्रवर्द्धन कार्यविधि २०७८

**प्रस्तावनाः**

दलित समुदायका विपन्न परिवारको जीवनस्तर माथि उठाउन सिप विकास व्यवसाय प्रवर्द्धन तथा जीविकोपार्जनमा सुधार ल्याउन आर्थिक उपार्जनका क्रियाकलापहरु संचालन गर्न कानुनी मार्ग तय गर्न तथा संबैधानिक व्यवस्था अनुरुप हित उत्थानका निम्ति निर्धारित दलित अधिकारको प्रत्याभूत गर्न गोसाईकुण्ड गाउँपालिकाले प्रत्येक वर्ष दलित समुदायका लागि विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

दलित समुदायका व्यक्तिहरुको अधिकार सम्बन्धी नेपाल सरकारले व्यवस्था गरेका विभिन्न नीति तथा कार्यक्रमका साथै संबैधानिक दलित आयोग तथा प्रचलित ऐन, नियमको मान्यता अनुरुप दलित समुदायका व्यक्तिहरुको सर्वाङ्गिण हित गर्न उनीहरुलाई आफ्नै समुदायमा व्यवस्थित एवं सम्मानपूर्ण जीवनयापन गर्ने अवसर प्रदान गर्न अति विपन्न विपन्न एकल महिला भएका दलित समुदायका व्यक्तिहरुको क्षमता अभिवृद्धि सिप विकास गरी अर्थोपार्जनमा सहयोग गर्न सम्बन्धित वडाहरु सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको भूमिका सुनिश्चित गरी यस क्षेत्रमा वसोवास गरेका दलित समुदाय र निजहरुको परिवारको उच्च मनोबल कायम गरी व्यवसाय प्रवर्द्धनमा प्रेरित गर्न गोसाईकुण्ड गाउँपालिकाले यो कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यस कार्यविधिको नाम **दलित समुदायको व्यवसाय प्रवर्द्धन कार्यविधि २०७८** रहेको छ ।

१.२ यो कार्यविधि गोसाईकुण्ड गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषाः

क) **ऐन** भन्नाले **स्थानीय सरकार संचालन ऐन २०७४** लाई सम्झनु पर्छ ।

ख) **संविधान** भन्नाले नेपालको वर्तमान संविधान सम्झनुपर्छ ।

ग) **स्थानीय कानून** भन्नाले गोसाईकुण्ड गाउँपालिकाको गाउँसभाले बनाएको कानून सम्झनु पर्छ

घ) **गाउँपालिका** भन्नाले गोसाईकुण्ड गाउँपालिकालाई बुझ्नुपर्छ ।

ङ) **गाउँ सभा** भन्नाले नेपालको संविधानको धारा २२२ को उपधारा (१) बमोजिम यस गाउँपालिकाको गाउँ सभा सम्झनु पर्छ ।

च) **अध्यक्ष** भन्नाले गोसाईकुण्ड गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

छ) **उपाध्यक्ष** भन्नाले गोसाईकुण्ड गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

ज) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम गोसाईकुण्ड गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

झ) **कार्यपालिका** भन्नाले गोसाईकुण्ड गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

ञ) **पदाधिकारी** भन्नाले गोसाईकुण्ड गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष तथा कार्यपालिकाका अन्य सदस्यहरु सम्झनु पर्छ ।

ट) **वडा** भन्नाले गोसाईकुण्ड गाउँपालिकाका वडाहरु सम्झनु पर्छ ।

ठ) **वडाध्यक्ष** भन्नाले गोसाईकुण्ड गाउँपालिकाका प्रत्येक वडाका वडाध्यक्ष सम्झनु पर्छ ।

ड) **वडा समिति** भन्नाले संविधानको धारा २२२ को उपधारा (४) र धारा २२३ को उपधारा ४ बमोजिमको वडा समिति सम्झनु पर्छ ।

ढ) **सदस्य** भन्नाले गोसाईकुण्ड गाउँपालिकाको गाउँसभा वा गाउँ कार्यपालिकाको सदस्य सम्झनुपर्छ । साथै सो शब्दले गाउँ सभा वा गाउँ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष र वडा समितिको सदस्यलाई समेत जनाउँछ ।

ण) **मन्त्रालय** भन्नाले स्थानीय तह हेर्ने संघीय सरकार र वागमती प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ ।

त) **विषयगत कार्यालय** भन्नाले गोसाईकुण्ड गाउँपालिका अन्तर्गत विभिन्न विषयगत कार्यालय समेत सम्झनु पर्छ । यस शब्दले गाउँ कार्यपालिकाका विषयगत शाखा समेतलाई बुझाउँछ ।

द) **विकास साझेदार** भन्नाले नेपाल सरकार वा गोसाईकुण्ड गाउँपालिकासँग भएको सम्झौता वा सहकार्य गर्ने व्दिपक्षिय एवं बहुपक्षीय दातृनिकाय, गैरसरकारी संस्था, निजी क्षेत्र तथा सामुदायिक संस्था समेत सम्झनु पर्छ ।

ध) **उपभोक्ता समिति** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण सञ्चालन व्यवस्थापन र मर्मत सम्भार गर्न आफूमध्येबाट गाउँपालिकाबाट निर्धारित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ र सो शब्दले लाभग्राही समूहलाई समेत जनाउँछ ।

न) **गैरसरकारी संस्था** भन्नाले यस कार्यविधिको प्रयोजनका लागि प्रचलित कानुन बमोजिम स्थापना भएका र गोसाईकुण्ड गाउँसभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई वा यस गाउँपालिकासँग समन्वय गरी कार्यसञ्चालन गर्ने गैर नाफामुलक संस्था सम्झनु पर्छ ।

प) **सामुदायिक संस्था** भन्नाले जनचेतना सम्बन्धी तालिम अभिमुखिकरण, सीप विकास, बचत कर्जा परिचालन, समावेशी विकास र सशक्तिकरण गर्ने उध्येश्यले निश्चित प्रक्रिया अबलम्बन गरी प्रचलित कानुन बमोजिम स्थापना भएका संस्था तथा गोसाईकुण्ड गाउँपालिकामा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनु पर्छ ।

फ **लक्षित समूह** भन्नाले आर्थिक रुपमा विपन्न वर्गका दलित समुदायका महिला, बालबालिका, अपाङ्ग, ज्येष्ठ नागरिक तथा नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग र समुदाय सम्झनु पर्छ ।

ब) **योजना** भन्नाले गोसाईकुण्ड गाउँपालिकाको समग्र विकास निर्माण सम्बन्धी तयार पारिएको वार्षिक योजना, क्षेत्रगत योजना र विपन्न दलित समूहको प्रवर्द्धनका लागि तर्जुमा भएका र यस्तै प्रकारका अन्य योजना सम्झनु पर्छ ।

भ) **कार्यक्रम** भन्नाले निश्चित उध्देश्य प्राप्तिका लागि तयार गरिएको क्षेत्रगत वा बहु क्षेत्रगत कार्यक्रम सम्झनु पर्छ।

म) **आयोजना** भन्नाले गोसाईकुण्ड गाउँपालिकाको कुनै भौगोलिक क्षेत्र वा कार्य क्षेत्रमा निश्चित अबधि र लगानी तोकि निर्धारित उध्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजना सम्झनुपर्छ ।

ल) **अनुदान** भन्नाले संघीय सरकार र प्रदेश सरकारबाट गोसाईकुण्ड गाउँपालिकालाई प्राप्त हुने निःशर्त तथा सशर्त अनुदान विभिन्न मन्त्रालय कार्यक्रम विकास समिति कोष र दातृ निकायबाट उपलब्ध हुने वित्तीय प्राविधिक एवं वस्तुगत सहयोगसमेत सम्झनु पर्छ ।

## परिच्छेदः २

### उध्देश्य

२.१ **दलित समुदायको व्यवसाय प्रवर्द्धन कार्यविधि**को उध्देश्य देहाय बमोजिम रहेको छः

क) दलित समुदायका व्यक्तिहरुलाई उनीहरुको आर्थिक सामाजिक जीवनयापनमा सहयोग गर्ने ।

ख) यस कार्यविधिमार्फत् दलित समुदायका अति विपन्न, विपन्न गरिब, एकल महि समूहला तथा अन्य महिला समूहलाई आर्थिक रुपमा सहयोग गरी विभिन्न आयआर्जन तथा जीविकोपार्जनका क्रियाकलापहरुमा सहयोग गर्ने ।

ग) दलित समुदायका व्यक्तिहरुले परम्परागत रुपमा गर्दै आएका व्यवसायहरुलाई परिमार्जित, समयानुकूल र आधुनिक बनाउनमा सहयोग गर्ने जस्तैः आरन व्यवसाय, सिलाईकटाई लगायतका अन्य व्यवसायहरु ।

२.२ दलित समुदायको व्यवसाय प्रवर्द्धन सहयोग कार्यविधिको अवधारणाः

क) गोसाईकुण्ड गाउँपालिकाले दलित समुदायलाई विकासको मूल प्रवाहमा ल्याउन सामुदायिक सहभागितामूलक र निरन्तर क्रियाशीलताका आधारमा विपन्न समुदायका दलित व्यक्तिहरुको जीवन सहज र सम्मानित तुल्याउने ।

ख) गाउँपालिकाबाट हुने विकासका विभिन्न योजना कार्यक्रमहरुमा दलित समुदायको व्यवसायिक सुधार गर्न उनीहरुको सक्रिय सहभागिता बढाउने र अपनत्वको भावना विकास गराउने ।

२.३ दलित समुदायको व्यवसाय प्रवर्द्धन कार्यविधिको लक्ष्यः

सामाजिक समावेशीकरणको मर्म बमोजिम दलित समुदायको सहभागिता सामाजिक न्याय र सशक्तिकरण गरी ज्ञान सिप तथा आर्थिक स्तर बढाउन सहयोग गर्ने ।

## परिच्छेद ३

## दलित समुदायको क्षमता विकास तथा व्यवसाय प्रवर्द्धन समिति गठन र काम कर्तव्य

३.१ दलित समुदायको क्षमता अभिवृद्धि तथा व्यवसाय प्रवर्द्धन, सञ्चालन गर्न देहाय बमोजिम गाउँपालिका स्तरीय समिति गठन हुनेछः

क) गाउँकार्यपालिकाले तोकेको दलित समुदायबाट निर्वाचित वा मनोनित प्रतिनिधिः संयोजक

ख) प्रत्येक वडाबाट निर्वाचित दलित महिला सदस्य सदस्य

ग) गाउँपालिका क्षेत्रमा रहेका दलित समुदायबाट गाउपालिका अध्यक्षव्दारा मनोनित १ महिलासहित २ जना सदस्य

घ) गाउँपालिका सामाजिक विकास समितिबाट तोकिएका सदस्य १ जना सदस्य

ङ) गाउँ कार्यपालिकाको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख सदस्य सचिब

**३.२ दलित समुदायको क्षमता विकास तथा व्यवसाय प्रवर्द्धन समितिको काम, कर्तव्य र अधिकार**

क) दलित समुदायको हक हित र अधिकार सम्बन्धी प्रचलित ऐन कानूनको अभिमुखिकरण गर्ने

ख) विपन्न दलित समुदायको क्षमता अभिवृद्धि तथा व्यवसायिक तालिमको योजना तर्जुमा गर्ने

ग) दलित समुदायको उत्थानका लागि स्थापित संघसंस्थासँग समन्वय र सहकार्य गर्ने

घ) लक्षित वर्गको हित सम्बन्धमा संघ प्रदेश र जिल्लाका सरकारी निकायसँग समन्वय गर्ने

ङ) विपन्न दलित समुदायका बालबालिकाको शैक्षिक सुधार प्राविधिक शिक्षामा प्रोत्साहित गर्न गाउँपालिकामा छात्रवृत्तिका लागि सिफारिस गर्ने

च) गाउँपालिका क्षेत्रका दलित समुदायको विस्तृत तथ्याङ्क संकलन प्रशोधनमा सहयोग गर्ने ।

छ) दलित समुदायको परम्परागत व्यवसाय प्रवर्द्धन गर्न सम्बन्धित वडाको समन्वयमा लक्षित वर्ग समूहसँग छलफल गरी कार्यक्रम छनौट गर्ने ।

ज) समाजमा प्रचलित सामाजिक विभेदका कार्यहरु निराकरण गर्न समुदाय सचेतना कार्यक्रम गर्ने गराउने

झ) दलित समुदायको पुनर्स्थापना तथा आर्थिक स्तरवृद्धिका लागि वार्षिक रुपमा आवश्यक बजेट व्यवस्थापन गर्न कार्यक्रमसहित गाउँपालिकामा अनुरोध गर्ने ।

ञ) गाउँपालिका क्षेत्रमा सञ्चालित उल्लेखित कार्यक्रमहरुको नियमित अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

## परिच्छेद ४

## विविध

४.१ यस कार्यविधिको लक्षित व्यक्ति वा समूहमा गोसाईकुण्ड गाउँपालिका क्षेत्रमा स्थायी वसोवास गरेका तथा अन्यत्रबाट वसाइँसराइ गरी वसोवास गर्दै आएका व्यक्ति वा परिवार सदस्यहरु हुनेछन् ।

४.२ दलित समुदायको व्यवसाय प्रवर्द्धन सम्बन्धी वार्षिक कार्यक्रम तथा प्रगति प्रतिवेदन शाखाले तयार गरी समितिको बैठकमा निर्णय हुनेछ र संयोजकबाट गाउँसभामा पेश गर्नु पर्नेछ ।

४.३ कार्य प्रगतिका आधारमा हरेक वर्ष आवश्यक रकम विनियोजन गर्न समितिका संयोजकले गाउँसभामा पहल गर्नेछ ।

४.४ गाउँसभाबाट व्यवसाय प्रवर्द्धनको आवश्यकता अनुरुप बजेट विनियोजन गर्ने दायित्व हुनेछ ।

प्रमाणिकरण मितिः २०७८। ११ ।२३

आज्ञाले,
दुतेन्द्र चाम्लिङ
प्रमुख प्रशासकीय अधिकृत